श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः—

२०३२ सालको अध्यादेश नं. ६

**स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रताप-भास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

## जिल्ला पञ्चायत ऐन, २०१९ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना : जिल्ला पञ्चायत ऐन, २०१९ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "जिल्ला पञ्चायत (छैठौं संशोधन) अध्यादेश, २०३२" रहेको छ ।

(२) यो दफा तुरून्त प्रारम्भ हुनेछ र अरू दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा सोही सूचनामा तोकिएको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. जिल्ला पञ्चायत ऐन, २०१९ को प्रस्तावनामा संशोधन : जिल्ला पञ्चायत ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेको "जिल्ला पञ्चायतको स्थापना गरी" भन्ने शब्दहरूको सट्टा "जिल्ला सभा र जिल्ला पञ्चायतको गठन गरी" भन्ने शब्दहरू राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

"२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "जिल्ला" भन्नाले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कायम भएको जिल्ला सम्झनुपर्छ ।

(ख) "जिल्ला सभा" भन्नाले दफा ३ बमोजिम गठन गरिएको जिल्ला सभा सम्झनुपर्छ ।

(ग) "जिल्ला पञ्चायत" भन्नाले दफा १४ बमोजिम गठन गरिएको जिल्ला पञ्चायत सम्झनुपर्छ ।

(घ) कुनै जिल्ला पञ्चायतको सम्बन्धमा "सदस्य" भन्नाले सभापति र उपसभापति-लाई समेत जनाउँछ ।

(ङ) "सचिव" भन्नाले जिल्ला पञ्चायतको सचिव सम्झनुपर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।"

४. मूल ऐनको परिच्छेद २ को शीर्षक र दफा ३ मा संशोधन : मूल ऐनको परिच्छेद २ को शीर्षकमा रहेको "स्थापना र" भन्ने शब्दहरू झिकी दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :–

"३. जिल्ला सभाको गठन : (१) प्रत्येक जिल्ला पञ्चायतको क्षेत्रमा जिल्ला सभाको गठन गरिनेछ ।

(२) प्रत्येक जिल्ला सभामा देहाय बमोजिमका सदस्य रहनेछन्:–

(क) जिल्लाभित्रका प्रत्येक गाउँ पञ्चायतका प्रधानपञ्च र उपप्रधानपञ्च पदेन सदस्य,

(ख) जिल्लाभित्रका प्रत्येक नगर पञ्चायतका प्रधापञ्चन र उपप्रधानपञ्च, पदेन सदस्य,

(ग) जिल्लाभित्रका प्रत्येक नगर पञ्चायतका प्रधानपञ्च, उपप्रधानपञ्च र सदस्यहरूले आफूमध्येबाट सो पञ्चायतको जम्मा वडा संख्याको एक तिहाइ संख्यामा निर्वाचन गरेका सदस्यहरू, र

(घ) जिल्ला पञ्चायतका सदस्यहरू, पदेन सदस्य ।

स्पष्टीकरण:– नगर पञ्चायतको वडा संख्याको एक तिहाइ कायम गर्न सो संख्यालाई तीनले भाग गर्दा शेष अंक दुई रहन आएमा भागफलमा एक पूर्णाङ्क मानी एक सदस्य थप गरिनेछ । शेष एक मात्र रहेमा त्यसको हिसाब गरिने छैन ।

(३) कुनै जिल्ला सभामा उपदफा (२) को खण्ड (क), (ख) र (ग) अनुसारका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

365

जम्मा सदस्यहरूको संख्या बीसभन्दा कम भएमा श्री ५ को सरकारले सो कम भए जति सदस्य मनोनीत गरी सो संख्या पुन्याइदिनेछ। यसरी मनोनीत सदस्यहरू श्री ५ को सरकार-को ईच्छा अनुसार बहाल रहनेछन् र तिनीहरूको कर्तव्य र अधिकार निर्वाचित सदस्य सरह हुनेछ ।

(४) उपदफा (३) बमोजिम मनोनीत कुनै सदस्य जिल्ला पञ्चायतको सदस्य छानिएमा निजको पदावधि कर्तव्य र अधिकार निर्वाचित सदस्य सरह हुनेछ ।

तर श्री ५ को सरकारले चाहेमा त्यस्तो सदस्यको पदावधि समाप्त हुनु अगा निजलाई हटाई सो ठाउँमा अर्को सदस्य मनोनीत गर्न सक्नेछ ।

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. जिल्ला सभाका निर्वाचित सदस्यको पदावधि : (१) दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम निर्वाचित भएको जिल्ला सभाको सदस्यको पदावधि सम्बन्धित नगर पञ्चायतमा निजको सदस्यता रहेसम्म कायम रहनेछ ।

(२) निर्वाचित सदस्यको पद निजको पदावधि समाप्त नहुँदै बीचमा कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम सहवरणद्वारा गरिनेछ ।"

६. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः–

"९. जिल्ला सभाको सदस्यको निमित्त चाहिने योग्यता : नगर पञ्चायतबाट जिल्ला सभाको सदस्यमा निर्वाचित हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्छः–

(क) जिल्ला पञ्चायतलाई बुझाउनु पर्ने सबै जिन्सी वा नगदी बुझाई सकेको,

(ख) जिल्ला पञ्चायतसंगको ठेक्कापट्टा वा अचल सम्पत्तिसम्बन्धी व्यवहारमा कुनै प्रकारको निजी स्वार्थ नभएको, र

(ग) कुनै कानूनले अयोग्य नभएको ।"

७. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः–

"१०. जिल्ला सभाको सदस्यता कायम नरहने अवस्था : नगर पञ्चायतबाट निर्वाचितभएको जिल्ला सभाको सदस्य देहायको अवस्थामा आफ्नो पदमा कायम रहने छैन :–

(क) दफा ९ बमोजिमको योग्यता नभएमा,

(ख) आफू बसोबास गरी आएको क्षेत्र सम्बन्धित जिल्ला पञ्चायतको क्षेत्रबाट झिकिएमा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अन्य कुनै जिल्ला पञ्चायत वा सो पञ्चायत क्षेत्रभित्रको नगर वा गाउँ पञ्चायतको निर्वाचनमा मतदाता वा उम्मेदवार भएमा,

(घ) मनासिब माफिकको कारण सहितको सूचना नदिई जिल्ला सभाको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ङ) राजीनामा दिएमा,

(च) दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम जुन नगर पञ्चायतबाट जिल्ला सभामा निर्वाचित भएर आएको थियो सो नगर पञ्चायतको सदस्य कायम नरहेमा, वा

(छ) कानून बमोजिम प्रत्याह्वान गरिएमा ।"

८. मूल ऐनको परिच्छेद ४ को शीर्षक र दफा १४ मा संशोधन : मूल ऐनको परिच्छेद ४ को शीर्षकमा रहेको "स्थापना र" भन्ने शब्दहरू झिकी दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ :–

"१४. जिल्ला पञ्चायतको गठन : (१) स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कायम भएका प्रत्येक जिल्लामा जिल्ला पञ्चायत क्षेत्र कायम गरिनेछ ।

(२) जिल्ला पञ्चायतका सदस्यहरूको निर्वाचनको लागि प्रत्येक जिल्ला पञ्चायत क्षेत्रलाई श्री ५ को सरकारले नौ ईलाकामा विभाजन गर्नेछ । यसरी विभाजित प्रत्येक ईलाकाभित्रका जिल्ला सभाका सदस्यहरूमध्येबाट एक जनाको हिसाबले जिल्ला सभाका सम्पूर्ण सदस्यहरूले जिल्ला पञ्चायतका लागि सदस्य निर्वाचन गर्ने छन् । सो बमोजिम निर्वाचित नौ सदस्य र गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिबाट मनोनीत चार सदस्य समेत गरी जम्मा तेह्र सदस्य भएको जिल्ला पञ्चायत गठन हुनेछ ।

(३) जिल्ला पञ्चायतका सदस्यहरूले आफ्नो सम्पूर्ण सदस्य संख्याको तीन खण्डको दुई खण्डको बहुमतले आफूमध्येबाट सभापति र उपसभापतिको निर्वाचन गर्ने छन् । कुनै उम्मेदवारले सो बमोजिम बहुमत प्राप्त गर्न नसकेमा गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिले जिल्ला पञ्चायतका सदस्यहरूमध्येबाट सभापति र उपसभापति मनोनीत गर्नेछ । जिल्ला पञ्चायतको सभापति र उपसभापति जिल्ला सभाको पदेन सभापति र उपसभापति हुनेछन् ।

द्रष्टव्य:– उपदफा (२) बमोजिम मनोनयन गर्दा–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८१

(क) सम्बन्धित जिल्ला पञ्चायतका निर्वाचित सदस्यहरूमध्ये कोही पनि महिला नभएमा सो जिल्ला पञ्चायत क्षेत्रका निवासी एक जना महिलालाई मनोनीत गरिनेछ ।

(ख) सोही जिल्लाका निवासी मध्ये समाजसेवी, बुद्धिजीवी, अल्पसंख्यक तथा पिछडिएका वर्गलाई प्राथमिकता दिइनेछ ।"

९. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ :

"१५ पदावधिः– (१) जिल्ला पञ्चायतका सभापति, उपसभापति र सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(२) जिल्ला पञ्चायतका सदस्यको पदावधि समाप्त हुने गणना गर्दा सो पदावधि समाप्त हुने सालको पौष मसान्तमा समाप्त भएको मानिनेछ ।

(३) कुनै कारणवश निर्धारित निर्वाचन समयमा जिल्ला पञ्चायत सदस्यहरूको निर्वाचन सम्पन्न हुन नसकी अरू समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित निर्वाचन समयमा निर्वाचन भए सरह सम्झी गणना गरिनेछ ।

(४) मनोनीत सदस्यहरूको पदावधि मनोनयन भएका मितिदेखि प्रारम्भ हुनेछ ।

(५) जिल्ला पञ्चायतका सभापति, उपसभापति वा कुनै सदस्यको पदावधि समाप्त नहुँदै बीचमा कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति कानूनमा व्यवस्था भए बमोजिम सहवरणद्वारा गरिनेछ ।

(६) मनोनीत सदस्यको रिक्त पदको पूर्ति मनोनयनद्वारा गरिनेछ ।"

१०. मूल ऐनमा दफा १५ क थप : मूल ऐनको दफा १५ पछि देहायको दफा १५ क थपिएको छ:

"१५ क. जिल्ला पञ्चायतको सदस्यको निमित्त चाहिने योग्यता : जिल्ला पञ्चायतको सदस्यमा निर्वाचित वा मनोनीत हुन देहाय बमोजिमको योग्यता भएको हुनुपर्छः–

(क) दफा ९ बमोजिमको योग्यता भएको,

(ख) दफा १० बमोजिमको अयोग्यता नभएको,

(ग) कुनै कानूनले अयोग्य नभएको ।"

११. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः–

"१६. जिल्ला पञ्चायतको सदस्यता कायम नरहने अवस्था : (१) देहायको अवस्थामा जिल्ला पञ्चायतको सदस्यता कायम रहने छैनः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) दफा १५ का बमोजिम योग्य नभएमा,

(ख) मनासिब माफिकको कारण सहितको सूचना नदिई जिल्ला पञ्चायतको बैठकमा लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) राष्ट्रिय पञ्चायतको सदस्य भएमा,

(घ) राजीनामा दिएमा, वा

(ङ) कानून बमोजिम प्रत्याह्वान गरिएमा।

(२) यस ऐन बमोजिम जिल्ला पञ्चायतको सदस्य हुन अयोग्य व्यक्ति कुनै कारणले सदस्य भै निजले कामकाज गरी आएको रहेछ भने सो अयोग्यताको कारणले मात्र भैसकेको काम काज बदर हुने छैन।"

१२. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः–

"१७. शपथ लिनु पर्ने : निर्वाचित वा मनोनीत भएपछि यथासंभव चाँडो जिल्ला पञ्चायतका सभापति र उपसभापतिले सम्बन्धित अञ्चल न्यायाधीश समक्ष र अन्य सदस्यहरूले सभापति वा निजको अनुपस्थितिमा उपसभापति र दुबैको अनुपस्थितिमा सम्बन्धित अञ्चल न्यायाधीश समक्ष अनुसूची बमोजिमको शपथ लिनु पर्नेछ।"

१३. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः–

"(६) जिल्ला पञ्चायतले आफ्नो प्रत्येक बैठकमा भाग लिनको लागि सम्बन्धित राष्ट्रिय पञ्चायतको सदस्यलाई आमन्त्रित गर्नेछ। सो सदस्यले छलफलमा भागलिन बाहेक मतदान गर्न पाउने छैन।"

१४. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः–

"२१. राजीनामा : जिल्ला पञ्चायतका सभापतिले उपसभापति छेउ र उपसभापति, सदस्य र नगर पञ्चायतबाट निर्वाचित भएका जिल्ला सभाका सदस्यहरूले सभापति छेउ लिखित राजीनामा दिई पदत्याग गर्न पाउने छन्।"

१५. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः–

"२२. जिल्ला पञ्चायत संगठित संस्था हुने : (१) प्रत्येक जिल्ला पञ्चायत अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जिल्ला पञ्चायतले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

(३) जिल्ला पञ्चायतले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।"

१६. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को खण्ड (५) खारेज गरिएको छ।

१७. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को खण्ड (ग) मा रहेको "अञ्चल समिति" भन्ने शब्दहरूको सट्टा "अञ्चलाधीश" भन्ने शब्द राखिएको छ।

१८. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को खण्ड (ङ) को शुरूमा रहेको "अञ्चल समिति वा" भन्ने शब्दहरू झिकिएको छ।

१९. मूल ऐनको दफा ४० मा संशोधन : मूल ऐनको दफा ४० को उपदफा (१) र (३) मा रहेको "सोझै वा अञ्चल समितिको परामर्श लिई" भन्ने वाक्यांश झिकिएको छ।

२०. रूपान्तर : मूल ऐनको परिच्छेद ७ को शीर्षकमा, र दफा ३३, ३४, ३५, ३७, ३९ को खण्ड (घ), (ङ) र (च), र दफा ४७ मा "जिल्ला सभा" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "जिल्ला पञ्चायत" भन्ने शब्दहरू राखिएको छ।

२१. मूल ऐनमा दफा ५४ थप : मूल ऐनको दफा ५३ पछि देहायको दफा ५४ थपिएको छः–

"५४. बाधा अडकाउ फुकाउने अधिकार : यो ऐन कार्यान्वित गर्दा कुनै बाधा अडकाउ परेमा सो बाधा अडकाउ फुकाउन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।"

२२. खारेजी : मूल ऐनको दफा ४, ५ र ८ खारेज गरिएको छ।

## अनुसूची

(दफा १७ संग सम्बन्धित)

श्री ५ महाराजाधिराज र मौसूफका उत्तराधिकारीहरू प्रति पूर्णतया बफादार र पञ्चायती व्यवस्थाप्रति निष्ठावान् रही आफ्नो सम्पूर्ण योग्यता, ज्ञान र विवेकले भ्याएसम्म आफ्नो कर्तव्यलाई भय, पक्षपात, लोभ, माया वा द्वेषभाव नराखी पालन गर्नेछु भनी

म . . . . . . . . . . . . ईश्वरको नाममा शपथ लिन्छु। / सत्य निष्ठासहित प्रतिज्ञा गर्दछु।

लालमोहर सदर मितिः– २०३२।८।२६।६

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।